# जयपृथ्वी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### बझाङ
### सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्याः २०८३/०८४
सूचना नं. : ~~८०~~ ०८

मितिः २०८३।०६।०५
ने.स.- ११४६, यंलाथ्व, १० सोमबार

जयपृथ्वी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चैनपुर, बझाङ
सुदूरपश्चिम प्रदेश नेपाल

**विषय : माछा मार्न बन्द गरिएको सूचना ।**

यस जयपृथ्वी नगरपालिकाको जलचर तथा जलीय जैविक विविधता संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६ को दफा ५ बमोजिम माछाले फुल पार्ने तथा प्रजनन गर्ने समय भदौ, असोज, फागुन र चैत महिनामा रहेकोले, पछिल्लो समय अत्याधिक विनासकारी तरिकावाट करेन्ट लगाउने, जैविक तथा रसायनिक विषादी प्रयोग गर्ने, जाल, महाजाल, पासा र नदी थुनछेक गरी माछा मार्दा नगरपालिका क्षेत्रमा रहेका नदी र खोलामा माछाको संख्या चिन्ताजनक रुपमा घटिरहेको छ र जलीय जैविक विविधताको स्वास्थ्यको सूचकको रुपमा रहेको माछा लगाएत अन्य जलचरको संरक्षण र दिगो उपयोग गरिएन भने भविष्यमा हाम्रो वातावरणमा थप नकारात्म असर पर्ने भएको हुँदा सो अवधिमा यस नगरपालिका क्षेत्र तमैल देखि सुनीगाड दोभान तलचौर र वाउलीगाड खारावगर क्षेत्र सम्म २०८३ साल असोज मसान्त सम्म माछा मार्न बन्द गरिएको व्यहोरा सबैमा सूचित गरिन्छ ।यदि यो सूचनाको अवज्ञा गरी कुनै पनि साधन वा तरिकाले माछा मारेको पाईएमा ऐन बमोजिम कार्बाही गरिने व्यहोरा सबैमा सूचित गरिन्छ ।

०५/०६/०८३

.....................
विजय कुमार रजक
प्रशासकीय अधिकृत